आठविसकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
आठविसकोट, रूकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
सम्पर्क नं. ९७४१३८९९६१ ९७४८४८३१३८

मिति: २०७६/०२/१३

पत्र संख्या: २०७५/०७६ (सू.अ.व्य.केन्द्र)
चलानी नम्बर: १५४६

विषय: निर्णय कार्यान्वयनमा साथ र सहयोग गर्ने सम्बन्धमा ।

श्री वडा कार्यालय (सबै),
आठविसकोट नगरपालिका, रुकुम (पश्चिम) ।

प्रस्तुत विषयमा आठविसकोट नगरपालिकालाई यहि २०७६ जेष्ठ मसान्तभित्र मदिरा निषेधित नगरपालिका घोषणा गर्ने भनी मिति २०७६ जेष्ठ ९, १० र ११ गते बसेको कार्यपालिकाको बैठकले निर्णय र सोही निर्णय कार्यान्वयनको लागि नगरपालिकाको कार्यालयबाट जारी सूचना यसैसाथ संलग्न छ । संलग्न सूचना र निर्णयको व्यहोरा अध्ययन गर्नुभई उक्त निर्णयको व्यहोरा अस्थायी प्रहरी पोष्ट समेतमा सर्कुलेशन गरी मदिरा निषेधित नगरपालिका घोषणा कार्यमा साथ र सहयोग गरिदिनु हुन अनुरोध छ ।

रामबहादुर के.सी.
नि.प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः
श्री इलाका प्रहरी कार्यालय, आठविसकोट नगरपालिका, रुकुम (पश्चिम) ।
श्री सशस्त्र प्रहरी बल, आठविसकोट नगरपालिका, रुकुम (पश्चिम) ।
श्री जिल्ला प्रशासन कार्यालय, रुकुम (पश्चिम) ।
श्री जिल्ला समन्वय समितिको कार्यालय, रुकुम (पश्चिम) ।
श्री जिल्ला प्रहरी कार्यालय, रुकुम (पश्चिम) ।

# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## आठविसकोट, रूकुम (पश्चिम)
## कर्णाली प्रदेश, नेपाल

सम्पर्क नं.
९७४१३८९९६१
९७४८५८३१३८


मितिः २०७६/०२/१३

पत्र संख्याः २०७५/०७६ (सू.अ.व्य.केन्द्र)
चलानी नम्बर ...............

**मदिराजन्य पदार्थ निषेधित नगरपालिका घोषणा गरिने सम्बन्धी अत्यन्त जरुरी सूचना**
**(प्रकाशित मितिः २०७६/०२/१३ गते)**

आठविसकोट नगरपालिकाभित्र कुनै पनि किसिमको मदिराजन्य पदार्थ आयात गर्न, विक्रि वितरण गर्न एवम् सेवन गर्न नपाईने गरी आठविसकोट नगरपालिकालाई मदिरा निषेधित नगरपालिका यहि २०७६ जेष्ठ मसान्तभित्र घोषणा गरिने भएकाले मदिरा निषेधित नगरपालिका घोषणाको लागि देहायका कार्यहरु गर्नु तथा गराउनु हुन संवद्ध १४ वटै वडा कार्यालयहरु, सुरक्षा निकाय, महिला समूह, नागरिक समाज सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. जेष्ठ मसान्तभित्र मदिरा निषेधित वडाको रुपमा घोषणा हुन नसकेका वडाहरुले सुरक्षा निकाय, आमा समूह, महिला समूह, नागरिक समाज लगायतको सक्रिय सहभागीतामा वडालाई मदिरा निषेधित वडा घोषणा गर्ने, यस कार्यमा सम्वन्धित वडाका वडा अध्यक्षहरुले नेतृत्व गर्ने ।
२. नगरपालिकाभित्र कुनै पनि किसिमको मदिराजन्य पदार्थ आयात गर्ने, विक्रि वितरण गर्ने एवम् सेवन गर्ने कार्य भए गरेको पाईएमा गोप्य रुपमा नगरपालिका कार्यालयमा वा मोबाईल नं. ९७४१३८९९६१ मा सम्पर्क गरी सूचना उपलब्ध गराउने ।
३. मदिरा आयात गरेको, विक्रि वितरण गरेको वा सेवन गरेको पाईएमा मदिराजन्य पदार्थ जफत गरी रु. १,००,०००।- (रु. एक लाख) सम्म जरिवाना गरिने । यस कार्यमा इलाका प्रहरी कार्यालय, सशस्त्र प्रहरी बल, नगरपालिकाले सुक्ष्म रुपमा निगरानी र नियमन गर्ने ।
४. मदिरा समृद्धि र विकासको बाधक, हिंसा र सामाजिक विकृति विसंगतिको कारक तत्व, मानिसको मति भ्रष्ट पार्ने विष, समतामुलक एवम् न्यायपुर्ण समाज निर्माणको कलंक भएकोले यसको निर्मुलीकरणको लागि सबै पक्ष क्षेत्रबाट पुर्ण रुपमा साथ र सहयोग गरी स्वस्थ, सफा, शान्त, न्यायपुर्ण र सुशासनयुक्त नगरपालिका निर्माणमा योगदान गर्नुहुन हार्दिक अनुरोध गरिन्छ ।

रामबहादुर के.सी.
नि.प्रमुख प्रशासकीय अधिकृत